1st of June

National News

<u>प्रमुख खबरहरुबाट..</u>

- लोकसभा चुनावको सातौं र अन्तिम चरणका लागी बेलुकी 3 बजेसम्म लगभग 50 प्रतिशत मतदान भएको जानकारी..
- भारतका राष्ट्रपति अनि उपराष्ट्रपतिले गर्नुभयो देशका उत्तर-पूर्वी भागहरूमा चक्रवात रेमालले गरेको विनाश र जनधनको क्षतिप्रति शोक व्यक्त !
- अरुणाचल प्रदेश र सिक्किम विधानसभा चुनावको मतगणनाको सम्पूर्ण तयारी पूरा; भोलि बिहान 6 बजेदेखि सुरु हुनेछ मतगणना
- भावी रणनीति तय गर्न INDI गठबन्धनले डाक्यो बैठक! 295 लोक सभा सिट आफ्नो झोलीमा पार्ने गठबन्धनको दावी !
- ओडिशामा भीषण गर्मीका कारण मतदानको गति सुस्त, गर्मीकै कारण एक अधिकारीको मृत्यु

<u>लोकसभा चुनावको सातौं र अन्तिम चरणमा बेलुकी 3 बजेसम्म लगभग 50 प्रतिशत मतदान भएको जानकारी..</u>

लोकसभा चुनावको सातौं र अन्तिम चरणमा बेलुकी 3 बजेसम्म लगभग 50 प्रतिशत मतदान भएको बताइएको छ । झारखण्डमा 60 प्रतिशतभन्दा अधीक , हिमाचल प्रदेश र पश्चिम बंगालमा अनठाउन प्रतिशतभन्दा बढी, उत्तर प्रदेशमा सैतालीस प्रतिशत र चण्डीगढमा लगभग तिरचालीस प्रतिशत मतदान भएको जानकारी प्राप्त भएको छ। ओडिशामा करिब 50 प्रतिशत, पञ्जाबमा 46 प्रतिशत र बिहारमा 43 प्रतिशत मतदान भएको बताइएको छ। ओडिशा विधानसभा चुनावको चौथो र अन्तिम चरणमा लगभग 50 प्रतिशत मतदान भएको छ। यस चरणमा आज सात राज्य र एक केन्द्र शासित प्रदेशको सन्ताउन वटा लोकसभा सिटमा मतदान भएको छ। पञ्जाब र उत्तर प्रदेशका 13- 13 पश्चिम बंगालका 9, बिहारको 8, ओडिशाको 6, हिमाचल प्रदेशको 4, झारखण्डको 3 र चण्डीगढको 1 सिटका लागि मतदान भयो।

यस चरणमा कुल 9 सय 4 जना उम्मेदवार मैदानमा छन् । प्रमुख उम्मेदवारहरूमा प्रधानमन्त्री तथा भाजपाका वरिष्ठ नेता श्री नरेन्द्र मोदी, भाजपाका श्री अनुराग सिंह ठाकुर, श्री रविशंकर प्रसाद अनि सुश्री कंगना रानावत, कांग्रेस नेता श्री मनिष तिवारी र श्री विक्रमादित्य

सिंह, राष्ट्रिय जनता दलकी मीसा भारती र तृणमूल कांग्रेसका नेता श्री अभिषेक बनर्जी छन्। यस चरणमा 10 करोड 60 लाखभन्दा अधीक  मतदाताले आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछन्।

ओडिशा विधानसभाको रहेका 42  सीटका लागि पनि आज मतदान भयो ।  यसबाहेक हिमाचल प्रदेशका 6 र बिहार, उत्तर प्रदेश र पश्चिम बंगालका एक–एक विधानसभा सीटका लागि पनि उपचुनाव हुँदैछ।  यो चरणको मतदान सकिएसँगै सबै लोकसभा सिटका लागि मतदान सम्पन्न हुनेछ।  मतदान सकिएसँगै राजनीतिक नेताहरुको भाग्यको फैसला हुने महत्वपूर्ण दिनको प्रतिक्षा बढ्दै गएको छ ।  यसैबीच, मङ्गलबार हुने लोकसभा निर्वाचनको मतगणनाको तयारी तिब्र रुपमा भइरहेको छ ।

<u>भारतका राष्ट्रपति अनि उपराष्ट्रपतिले गर्नुभयो देशका उत्तर-पूर्वी भागहरूमा चक्रवात रेमालले गरेको विनाश र जनधनको क्षतिप्रति शोक व्यक्त !</u>

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र उपराष्ट्रपति श्री जगदीप धनखरले आज पश्चिम बंगाल र तेलंगाना लगायत देशका उत्तर-पूर्वी भागहरूमा चक्रवात रेमालले गरेको विनाश र जनधनको क्षतिप्रति शोक व्यक्त गर्नुभएको छ।  एक सामाजिक सञ्जाल पोस्टमा राष्ट्रपति श्रीमती मुर्मुले चक्रवात रेमालका कारण जनधनको क्षति र ठूलो संख्यामा मानिस विस्थापित भएको खबर सुनेर दुःखी भएको उल्लेख गर्नुभएको छ ।  राष्ट्रपतिले यस प्राकृतिक आपदा पीडित जनताको साथमा देश रहेको बताउनुभयो ।  उहाले राहत तथा उद्धार कार्यमा सफलताको कामना गर्दै अवस्था छिट्टै सामान्य हुने विश्वास व्यक्त गर्नुभएको छ। उपराष्ट्रपति श्री  जगदीप धनखरले यस प्राकृतिक आपदामा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै प्रभावित क्षेत्रमा शिघ्र सामान्य अवस्थाको कामना गर्नुभएको छ।

<u>अरुणाचल प्रदेश र सिक्किम विधानसभा चुनावको मतगणनाको सम्पूर्ण तयारी पूरा; भोलि बिहान 6 बजेदेखि सुरु हुनेछ मतगणना</u>

अरुणाचल प्रदेश अनि सिक्किम विधानसभा चुनावको भोलि हुने मतगणनाको सम्पूर्ण तयारी पूरा भएको छ। बिहान 6 बजेबाट मतगणना सुरु हुनेछ भने पहिले हुलाक मतपत्र गणना गरिनेछ। त्यसपछि विद्युतीय हुलाक मतपत्र प्रणाली र ईभीएमको मतगणना हुनेछ। अरुणाचल प्रदेशको 60 सदस्यीय विधानसभामा भारतीय जनता पार्टीले 10 वटा सिट निर्विरोध जितिसकेको छ । यस राज्यको मतगणनाका लागि 24 वटा केन्द्र तोकिएको छ भने यसका लागि दुई हजारभन्दा बढी निर्वाचन अधिकृत खटाइएको छ। सिक्किमको 32 सदस्यीय विधानसभाका लागि 146 जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्। सिक्किमको मतगणनाका लागि 6 वटा केन्द्र तोकिएको छ। प्रमुख उम्मेदवारमा राज्यका निवर्तमान मुख्यमन्त्री श्री प्रेमसिंह

तामाङ, विधानसभा अध्यक्ष तथा सिक्किम क्रान्तिकारी मोर्चाका नेता श्री  अरुणकुमार उप्रेती, पूर्व मुख्यमन्त्री श्री पवनकुमार चाम्लिङ र प्रसिद्ध फुटबल खेलाडी तथा सिक्किम डेमोक्रेटिक फ्रन्टका नेता श्री भाईचुङ भुटिया, सिक्किम प्रदेश भाजपा अध्यक्ष श्री डीआर थापा रहेका छन्। अल इन्डिया रेडियोसँग कुरा गर्दै, अतिरिक्त मुख्य निर्वाचन अधिकारी पेमा ल्हादेन लामाले भन्नुभयो कि राज्यमा 19 पर्यवेक्षकहरू गणना प्रक्रियाको निगरानी गर्न खटाइनेछ। मतगणना केन्द्र वरिपरि धारा 144 लगाइएको छ। वर्तमान विधानसभा सदस्यहरूको कार्यकाल भोलि अर्थात दुई जुनमा सकिनेछ। यी दुईवटा उत्तरपूर्वी राज्यहरूमा विधानसभा र लोकसभा चुनावको लागि अप्रिल 19 मा मतदान भएको थियो।

<u>भावी रणनीति तय गर्न INDI गठबन्धनले डाक्यो बैठक! 295 लोक  सभा सिट आफ्नो झोलीमा पार्ने गठबन्धनको दावी !</u>

मङ्गलबार हुने लोकसभा चुनावको मतगणना अघि विपक्षी INDI गठबन्धनले आफ्नो भावी रणनीति तय गर्न नयाँ दिल्लीमा एक  बैठक बसेको थियो । कांग्रेसका वरिष्ठ नेता श्रीमती सोनिया गान्धी र श्री राहुल गान्धी, राष्ट्रवादी कांग्रेस पार्टी (एससीपी) का नेता श्री शरद पवार, समाजवादी पार्टीका प्रमुख श्री अखिलेश यादव, दिल्लीका मुख्यमन्त्री तथा आम आदमी पार्टीका नेता श्री अरविन्द केजरीवाल, झारखण्डका मुख्यमन्त्री तथा झारखण्ड मुक्ति मोर्चाका नेता श्री चम्पाई सोरेन, CPIM  का  महासचिव श्री  सीताराम यचुरी  अनि RJD का  नेता तेजस्वी यादव बैठकमा सहभागी रहे ।  यस बैठकमा शिवसेना का अनिल देसाई, DMK का श्री  टीआर बालु, नेशनल कन्फरेन्सका नेता श्री  फारुक अब्दुल्ला र अन्य नेताहरू पनि सहभागी भए भने बैठकमा TMC र PDP सहभागी बनेन्। यसैबीच, यस बैठकमा  295 लोकसभा सीटहरू जित्ने विश्वास व्यक्त  गरेका छन्।  बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै  कांग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खर्गेले  आफुहरुले चुनावमा पछि  सामना गर्नसक्ने चुनौतीहरू लगायतका विभिन्न मुद्दाहरूमा छलफल गरेको बताउनु भयो । आफुहरूले आज साँझ टिभी च्यानलमा हुने लोकसभाको exit poll को debate मा भाग लिने भएको बताउनु भयो।  यद्यपी:  यसअघि कांग्रेसले एक्जिट पोल बहिस्कार गर्ने घोषणा गरेको थियो ।

ओडिशामा भीषण  गर्मीका कारण मतदानको गति सुस्त, गर्मीकै कारण एक अधिकारीको मृत्यु।

ओडिशामा भीषण  गर्मीका कारण मतदानको गति सुस्त भएपनि साँझमा मतदान बढ्ने सम्भावना देखीयो ।  मतदानका क्रममा हृदयघातका कारण एक बुथ लेभल अफिसरको मृत्यु पनि भएको छ ।  निर्वाचन आयोगले मतदातालाई सहयोग गर्न आशा कार्यकर्ता र स्वयंसेवक

खटाएको छ । सबै मतदान केन्द्रमा पिउने पानी, ओआरएस, छाया र गर्मीबाट पीडित व्यक्तिको उपचारको व्यवस्था गरिसकेको छ । ओडीसा लोकसभा र विधानसभा चुनावका लागि 460 जना उम्मेदवार चुनावी मैदानमा छन् ।